म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- २५५ २०८१ साउन २३ गते बुधबार 7 August 2024, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-




### बागमतीमा एमाले-कांग्रेसः विगतमा 'आमनेसामने, 'अहिले सत्ता साझेदार

# कसरी हुन्छ शक्ति सन्तुलन ?

समाज संवाददाता

हेटौंडाः संघीयता कार्यान्वयनको ७ वर्षे अवधिमा बागमती प्रदेश सरकारको नेतृत्व पहिलो पटक कांग्रेसले गरेको छ। विगतमा हरेक समय आमनेसामने रहेका दल कांग्रेस र एमाले बिचको गठबन्धनबाट सरकारको नेतृत्व कांग्रेस संसदीय दलका नेता बहादुरसिंह लामाले लिनुभएको हो।

७ वर्षे सत्ता राजनीतिको अधिकांश समय प्रतिपक्षमा रहेको कांग्रेस र दुई तिहाइ र एकल बहुमतको सरकार निर्माण गरेर ३ वर्ष ७ महिना शासन गरेको एमाले बिच भएको सत्ता साझेदारीलाई विभिन्न कोणबाट व्याख्या हुँदै आएको छ। यस बारेमा गृहमन्त्री रमेश लेखकले केही समयअघि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कांग्रेससँग गठबन्धन छाडेर एमालेसँग सहकार्य गरेपछि भनेका थिए 'धोका पाउनेहरु मिले भने तपाईंको हालत के होला ?'

सोही आधारमा हेर्ने हो भने २०७९ पुसमा कांग्रेससँगको गठबन्धन तोडेर एमालेसँग साझेदारीमा सरकार बनाएका प्रचण्डले सोही फागुनमा एमालेसँगको गठबन्धन छाडेर कांग्रेससँग मिलेर सर कार निर्माण गरेका थिए। पछि २०८० चैतमा पुनः कांग्रेस छाडेर एमालेसँग मिलेर प्रधानमन्त्री बनेका प्रचण्ड गृहमन्त्री लेखकले भने झैँ एमाले-कांग्रेस गठबन्धनपछि सत्ताच्यूत भएर झस्किएका छन्।

बागमतीको सत्ता समीकरण पनि सोही अवस्थामा गुज्रिएको थियो भने अहिले एमाले-कांग्रेस गठबन्धनको सरकार बनेको छ। प्रचण्डको समीकरण अनुसार नै बागमतीमा माओवादीले सरकार सञ्चालन गऱ्यो। त्यस अवधिमा पनि एमालेको निशाना कांग्रेस बन्यो भने कांग्रेसको इपिसेन्टर एमाले बन्यो। पछिल्लो साँढे ३ वर्ष प्रतिपक्षमा रहेको एमाले र अघिल्लो कार्यकालमा करिब ४ वर्ष प्रतिपक्षमा रहेको कांग्रेस एक-आपसमा आमनेसामने भएका थिए।

सत्तामा रहँदा वा प्रतिपक्षमा रहँदा दुबै दल आपसमा विपरित विचारधारामा अग्रसर भएको देखिँदै आएको थियो। सत्तामा माओवादी वा एकीकृत समाजवादी हुँदा पनि वादविवादको केन्द्र यी दुई दल नै हुने गरेको थियो। त्यसो त २०७८ कात्तिकबाट कांग्रेस-एमालेको समर्थनमा एकीकृत समाजवादी र माओवादीले सत्ता नेतृत्व लिँदै आएका हुन्। तर, सत्तामा माओवादी होस् वा एकीकृत समाजवादी सरकारको बचाउमा कांग्रेस नै एमालेसँग भिड्ने परिस्थिति बन्थ्यो।

उता एमाले सरकारमा रहँदा कांग्रेस प्रमुख प्रतिपक्षमा बस्थ्यो र विभिन्न मुद्धामा बसह चल्दा सरकारको नेतृत्वकर्ता भन्दा पनि यिनै दुई दलबिच विवाद हुने गरेको थियो। विषेशगरी एमाले र कांग्रेसबिच सरकारको नेतृत्व गर्दा वा नगर्दा बजेट, विधेयक, विपद् तथा अन्य गतिविधिलाई लिएर आपसमा चर्काचर्की तथा संसद अवरुद्ध हुनेसम्मका परिस्थिति बन्थ्यो।

### एमालेको प्रतिष्ठा जोडिएको प्रतिष्ठान र हेटौंडा अस्पतालको विवाद

एमाले र कांग्रेसबिच विवाद रहेको प्रमुख विषय हो- मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान र हेटौंडा अस्पतालबिचको विवाद। विषेशगरी मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान एमालेको प्रतिष्ठासँग जोडिएको विषय बनेको छ। जसका कारण हेटौंडा अस्पतालको अस्तित्वको सवालमा निरन्तर विवाद हुँदै आएको छ।

२०७६ मा मदान भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन जारी भएलगत्तै सुरु भएको अस्पतालको अस्तित्वको विषय अझै आलो घाउसरह नै छ। तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलको पालामा स्थापना गरिएको प्रतिष्ठानअन्तर्गत हेटौंडा अस्पताल रहने ऐनको प्रावधानका विषयमा एमाले-कांग्रेसबिच सुरुदेखि नै मतभेद छ। प्रतिष्ठानको ऐनमा प्रदेशभित्रका कुनै पनि अस्पताललाई आफूअन्तर्गत राख्न सक्ने व्यवस्था गरिएका विषयमा दुई दलबिच फरक मत देखिँदै आएको हो।

त्यसो त एमाले सरकारको बहिर्गमनसँगै २०७८ कात्तिकमा बनेको एकीकृत समाजवादी पार्टीका राजेन्द्र पाण्डे नेतृत्वको सरकार मा साझेदारी गरेको कांग्रेसले तत्कालीन स्वास्थ्यमन्त्री निमा लामामार्फत् प्रतिष्ठानबाट हेटौंडा अस्पताल अलग गर्ने गरी ऐन संशोधन गरेर अध्यादेश समेत जारी गरेको थियो। कांग्रेसको जोडबलमा जारी भएको उक्त अध्यादेशमा तत्कालीन मुख्यमन्त्री पाण्डेको चासो नपर्दा प्रतिस्थापन हुन सकेन र सो अध्यादेश निष्कृय भएको थियो।

त्यसयता पनि विभिन्न चरणमा कांग्रेसले प्रतिष्ठानको उक्त ऐन संशोधनको प्रस्ताव ल्याउने प्रयत्न गऱ्यो। तर, सफल भएन। अध्यादेश निष्कृय भएपछिको समय भ्याकुम नराख्न अन्ततः २०७९ मा सत्ता साझेदारी गरेको एमालेलेको बलमा माओवादी केन्द्र र राप्रपा सम्मिलित सरकारका तत्कालीन स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठले पुरानै ऐन जगाउने विधेयक संसदबाट पारित गराएका थिए।

गत जेठताका पनि उक्त विषय संसद र सडकबाट जोडतोडसँग उठ्दा एमाले ऐन संशोधन गर्न नहुने पक्षमा देखिएको थियो भने कांग्रेस संशोधन गरेर अस्पताल र प्रतिष्ठान अलग संरचनाको रुपमा विकास गर्ने पक्षमा रहेको थियो।

### बजेटमा निरन्तरको विवाद

एमाले र कांग्रेसबिच बजेटमाथिको विवाद नौलो होइन। बगमती प्रदेश सरकारको ८ वटा बजेटमध्ये एमालेले ५ वटा र १/१ वटा माओवादी तथा कांग्रेसले ल्याएको छ। २०७५, ०७६, ०७७, ०७८ र ०८१ को बजेट एमालेका अर्थमन्त्रीले ल्याएका हुन् भने २०७९ मा माओवादी र २०८० मा कांग्रेसका अर्थमन्त्रीले बजेट ल्याएका हुन्।

अधिकांश बजेटमाथि सत्तापक्ष र प्रतिपक्षबिच विवाद देखियो। बढी समय प्रतिपक्षमा बसेको कांग्रेस र सरकारमा रहेको एमालेबिच नै विवाद हुने गरेको थियो। चालु आर्थिक वर्ष २०८१/०८२ र गत आर्थिक वर्ष २०८०/०८१ को बजेट विवादका कारण संसद बैठक नै अवरुद्ध भएको थियो। बजेट असामन भएको र विभेदपूर्ण ढंगबाट आएको भन्दै २०८०/०८१ मा कांग्रेस अर्थमन्त्रीले ल्याएको बजेटको विरोध एमाले गरेका थिए भने २०८१/०८२ मा एमालेका अर्थमन्त्रीले ल्याएको बजेट कांग्रेस सांसदहरुले विरोध गरेका थिए। विरोधका कारण बजेट पारित हुन नसकेपछि लिखित सहमति गरेर बजेट पास गरिएको थियो।

उता एमाले र कांग्रेसबिचको विवादको अर्को विषय हो- प्रदेश सरकारको लगानी। धेरै समय सरकारमा रहेर बजेट परिचालन गरेको एमालेले उत्पादनमुखी क्षेत्रमा लगानी गर्न नसकेको भन्दै कांग्रेसले विगतदेखि नै विरोध गर्दै आएको छ। एमाले सरकारको पालामा भएका लगानी अनुत्पादक भएको भन्दै संसदबाट कांग्रेसले विरोधका आवाजहरु उठाउने गरेको छ। विशेषगरी प्रदेशका १२ वटा ठूला शीत भण्डार र हेटौंडाको पाउडर दूध कारखानामा सरकारले लगानी गरेपनि ती संरचना चल्न सक्ने अवस्थामा नरहेको भन्दै कांग्रेसले विरोध गर्दै आएको छ भने एमालेले त्यस विषयमा बचाउ गर्दै आएको छ।

प्रदेशको सार्वजनिक विश्वविद्यालय स्थापनाको विषयमा पनि कांग्रेस एमालेबिच विवाद हुँदै आएको छ। प्रदेश विश्वविद्यालय स्थापना गरी प्राविधिक जनशक्ति उत्पादनमा काम गर्नुपर्ने एमाले सांसदको धारणा रहेको छ भने कांग्रेस अहिलेको अवस्थामा विश्वविद्यालय थप गर्न नहुने र त्यस विषयमा अध्ययन गरेर केन्द्रसँग सहकार्य गरेर अघि बढ्नुपर्ने धारणामा अडिग रहँदै आएको छ। कांग्रेस शिक्षित बेरोजगार उत्पादन बन्द गर्नुपर्ने भन्दै त्रिभुवन विश्व विद्यालयसँग सहकार्य गरेर व्यवस्थापनमा अघि बढ्नुपर्ने बताउँदै आएको छ। तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलको पालामा सुरु भएको उक्त विषय हाल कार्यालय स्थापनासम्म पुगेको छ।

त्यस्तै, एमाले कांग्रेसबिच पावर सेयरिङका विषयमा पनि विवाद देखिएको छ। संसदको पहिलो दल भएकाले कांग्रेस बढी शक्ति सञ्चय गर्ने र भागबण्डामा अधिक अंशमा दावी गर्दै आएको छ भने एमाले पनि साझेदार भएकाले अंकभन्दा पनि मुद्धा महत्वपूर्ण हुने भएकाले समान हक माग गर्दै आएको छ। सरकार निर्माणका बखत पनि मन्त्रालयको भागबण्डामा दुई दलबिच सहमति जुट्न नसक्दा केन्द्रमा नै आशक्त हुनु परेको थियो।

### कसरी हुन्छ शक्ति सन्तुलन ?

एमाले र कांग्रेसले सत्ता साझेदारीमा विवाद भएका विषयमा छलफलका माध्यमबाट विकल्प र सहजीकरणको भूमिका खोजिने बताइएको छ। समस्या भएका विष्यलाई चरणवद्धरुपमा छलफल गरेर तार्किक निश्कर्षमा पुऱ्याउन सोहीअनुसार संरचना विकास गर्ने नेताहरुको भनाइ छ। एमाले संसदीय दलका नेता जगन्नाथ थपलियका अनुसार महत्वपूर्ण विषयमा ठूला निर्णयहरु गर्न एमाले कमजोर बन्दैन। एमाले सानातिना विवाद र विषयमा अल्झिने पक्षमा नरहेको उहाँले बताउनुभयो।

केन्द्र सरकारले न्यूनतम साझा कार्यक्रम निर्धारण गरेर अघि बढ्ने तयारी गरेकाले त्यसैका आधारमा प्रदेश सरकारले गाइडलाइन लिएर काम गर्ने उहाँको भनाइ छ। सहमति बन्न नसकेको विषयलाई छलफलका माध्यमबाट अघि बढाउने र त्यसका लागि कार्यदल निर्माण गरेर अघि बढ्ने उहाँको भनाइ छ। प्रदेश सरकारको स्थायित्व र संघीयता बलियो बनाउन एमाले-कांग्रेस सरकारले गहनरुपमा छलफल गरेका काम अघि बढाउने नेता थपलियाले बताउनुभयो। नयाँ कोर्षबाट सरकार निर्माण भएकाले हरेक विषयलाई निश्कर्षमा पुऱ्याउन छलफल र सहकार्यबाट भूमिका निर्वाह गरिने उहाँले बताउनुभयो।

मुख्यमन्त्री बहादुरसिंह लामाले संसदीय दल र पार्टीमा छलफल गरेर समस्या भएका विषयमा सहमतिको प्रयत्न गरिने बताउनुभयो। एमाले र कांग्रेसले उठाएका एजेण्डाहरुलाई छलफल गरेर लचकताका साथ सहमतिको प्रयत्न सरकारले गर्ने उहाँले बताउनुभयो।

प्रक्रियागत भन्दा पनि वर्तमान सत्ता गठबन्धनले स्थायित्व र समस्याको दीर्घकालीन हल खोजेकाले एजेण्डाहरुमा

...बाँकी पृष्ठ ४ मा

# संघीयता सवालमा निश्चिन्त रहन प्रधानमन्त्री ओलीको आग्रह



*प्रधानमन्त्री केपी शर्मा ओली (बीचमा) सँग बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा (बायाँ) र नेकपा एमाले बागमती प्रदेश सभा संसदीय दलका नेता जगन्नाथ थपलिया (दायाँ)।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारका मन्त्रीहरुले प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेट गरेका छन्। प्रधानमन्त्री कार्यालय सिंहदरबारमा बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाको नेतृत्वको टोलीले प्रधानमन्त्री ओलीसँग भेट गरेको हो।

भेटका क्रममा प्रधानमन्त्री ओलीले प्रदेशको वस्तुस्थिति, राजनीतिक अवस्था र सरकारको काम कारवाहीका विषयमा ब्रिफिङ लिनुभएको थियो। प्रधानमन्त्री ओलीले प्रदेश सरकारले गरिरहेका योजना कार्यान्वयनका विषयमा चासो व्यक्त गर्नु भएको थियो भने मुख्यमन्त्री लामाले उक्त विषयमा जानकारी गराउनु भएको थियो।

एमाले र कांग्रेसका नेता तथा मन्त्रीहरुसहितको टिमसँगको भेटमा प्रधानमन्त्री ओलीले समन्वय र सहकार्यमा काम गर्न निर्देशन दिनु भएको छ। ओलीले राजनीतिक नियुक्ति, जिम्मवारी बाँडफाँडलगायतका विषयमा छलफलका माध्यमबाट सहमति गर्न र आपसमा सौहार्दता कायम गर्न निर्देशन दिएको प्रदेशका खानेपानी, उर्जा तथा सिँचाइमन्त्री श्यामबहादुर खड्काले जानकारी दिनुभयो।

उहाँका अनुसार सन्तुलितरुपमा राज्यका निकायको वितरण र उपभोगमा सचेत हुन प्रधानमन्त्री ओलीले आग्रह गर्नुभएको छ। आपसमा मतभेद हुने किसिमका गतिविधिमा नलाग्न उहाँको निर्देशन रहेको मन्त्री खड्काले बताउनुभयो। विकास बजेट खर्च, योजना छनौटमा गम्भिर भएर काम गर्न प्रधानमन्त्री ओलीले निर्देशन दिएको मन्त्री खड्काले बताउनुभयो।

विषेशगरी २ वर्षसम्ममा सक्ने प्रकृतिको योजनाहरु कार्यान्वयनमा प्रधानमन्त्री ओलीले जोड दिनुभएको छ। उहाँले राजनीतिक सम्झौताअनुसारको सरकार निर्माणमा आफूले पाएको समय सीमाभन्दा एक साता अघि नै राजीनामा दिएर गठबन्धनमा इमानदारी रहने बताउनु भएको थियो।

कांग्रेस बागमती प्रदेशका मुख्य सचेतक गोविन्द लम्सालले सुशासन र नागरिकहरुको अपेक्षा अनुसारको विकासमा जोड दिन प्रधानमन्त्री ओलीले निर्देशन दिनु भएको बताउनुभयो। समस्याको घडीमा संघीय सरकारले प्रदेश सरकारलाई आवश्यक सहयोग गर्ने प्रधानमन्त्री ओलीले प्रतिबद्धता व्यक्त गरेको उहाँले बताउनुभयो।

मुख्य सचेतक लम्सालका अनुसार प्रधानमन्त्री ओलीले काम निर्धारित समयमा नै पूरा गर्न र अधुरा कामलाई प्राथमिकताका साथ अघि बढाउन निर्देशन दिनुभएको छ। संघीयतको सशक्त पिल्लर प्रदेश सरकार भएकाले त्यसलाई बलियो बनाउने भूमिका पनि प्रदेशको नै हुने

...बाँकी पृष्ठ ४ मा




ग्राहकहरुको समस्यालाई समाधान गर्ने उद्देश्यले Vespa Aprila को नयाँ Showroom हेटौंडा–१० सोलिड्यारिटी स्कुल अगाडि संचालनमा आएको जानकारी गराउँदछौं र पहिलाको भन्दा थप गुणस्तरीय सेवा दिने उद्देश्यले यहि श्रावण २७ गतेदेखि ३१ गतेसम्म Free Sevice Camp का साथै स्कुटरका हरेक Parts & Mobil मा १० प्रतिशत छुटसहित ग्राहकहरुको सुविधाका लागि हामी हजुरहरु समक्ष आएका छौं।

Joshi Automobiles

Hetuda -10, Rudrapath
Mobil Numer: 9802591021/9802591022

# सुयशको भाले खुइल्याउँदा



✍सक्षम कुमार झा

सुयशको भाले पुस्तकका लेखक पुरुषोत्तम घिमिरे हुन् । लेखक दोलखा जिल्ला कालिन्चोक गाउँपालिका, वडा नं ४ हिलेपानीमा जन्मेका हुन् । संस्कृतमा ज्योतिष र गणित शिक्षामा उच्च शिक्षा हासिल गरेका लेखकको साहित्यिक लगाव सानैदेखिको हो । नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरमा २०६३ सालदेखि निरन्तर रूपमा कार्यरत उनले विद्यालय तहका पाठ्यक्रम, पाठ्यपुस्तक. शिक्षक निर्देशिका लगायतका पाठ्यसामग्री लेखन, सहलेखन तथा सम्पादनमा लामो अनुभव सँगालेका छन् ।

कान्तिपुर, राजधानी, स्पेसटाइम, समाचारपत्र जस्ता राष्ट्रिय दैनिक पत्रपत्रिकामा विचार लेखनबाट सुरू भएको उनको लेखन यात्रा पछिल्ला समयमा शैक्षिक जर्नलमा लेखरचना र प्रारम्भिक कक्षाका विद्यार्थीका लागि पाठ्यसामग्री लेखनमा केन्द्रित रहेको छ । पाठ्यसामग्री विकासका लागि नेपाल सरकार, भारत सरकार, राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लगायतबाट क्षमता अभिवृद्धिका अवसर प्राप्त गरेका लेखकले बालसाहित्यलाई अत्यावश्यक एवम् प्रभावकारी तर जटिल कार्यका रूपमा चित्रण गरेका छन् ।

यस पुस्तकमा मलाई मन पर्ने पात्र बुबा हुन् । बुबाले आफ्नो घरको आर्थिक स्थिति जस्तो भएपनि आफ्नो छोराछोरीको शिक्षाका लागि केही पनि गर्न सक्नु हुन्न थियो । बुबाले आफ्नो गल्तिको माफी पनि माग्नु हुन्थेन र त्यसलाई सुधार्न पनि कम गर्नु हुन्थ्यो । आफ्नो परिवारको सम्पूर्ण कार्य बिना कुनै रिस र नराम्रो नमानी कम गरेको बुबा यस पुस्तकको मलाई मनपर्ने पात्र हुन् ।

यो पुस्तकको परिवेश एक सामान्य गाउँको छ, जसले ग्रामीण जीवनका सामान्य गतिविधिहरु र परिदृश्यलाई समेट्छ । विशेषगरी, यो पुस्तकको कथा चितवन जिल्लाको एउटा सानो गाउँमा आधारित छ, जहाँको जीवन र संस्कृति यसमा प्रस्तुत गरिएको छ । कथामा चितवनको प्रसिद्ध सौराहा र आसपासका जङ्गलहरु पनि समेटिएका छन् । पुस्तकमा रहेका घटनाहरू मुख्यत: पत्रको घर र खेतमा केन्द्रित छन्, जसले ग्रामीण जीवनको वास्तविकता र त्यसको चुनौतीहरूलाई प्रकट गर्दछ । यसरी, पुस्तकले चितवनको ग्रामीण जीवनको यथार्थपरक चित्रण गर्दै, स्थानीय परिवेश र घटनाहरूलाई गहिरो समझको साथ प्रस्तुत गरेको छ ।

यो पुस्तकको भाषाशैली एकदमै सामान्य र सहज छ । यस पुस्तकलाई हरेक पाठकले सजिलैसँग पढ्न र बुझ्न सक्छन् । पुस्तकमा गाउँघरमा प्रचलित सामान्य शब्दहरूको प्रयोग गरिएको छ, जसले गर्दा यो पाठकलाई अझ सरल र बोधगम्य बनाउँछ । यस पुस्तकमा नेपाली भाषाको प्रयोग गरिएको छ, जसले गर्दा नेपाली भाषाभाषी पाठकहरूलाई यसलाई अझ सहज र सस्तो बनाउन मद्दत गर्छ । कथा यसरी सुरु हुन्छ, एक चितवन जिल्लाको सानो गाउँमा सुयश नामको एउटा केटा बस्छ, जसको परिवार पूर्णरुपमा कृषिउन्मुख छ । सुयशको परिवारमा चार जना सदस्यहरू छन् र उनीहरू घरपालुवा जनावरहरूको पालनपोषणमा पनि सक्रिय छन् । यस परिवारले भाले लगायतका विभिन्न किसिमका जनावरहरू पालन गर्दै आएको छ ।

एकदिन, सुयश अध्ययन गर्नै लाग्दा उसका भालेले बारम्बार डिस्टर्ब गऱ्यो । यो समस्या आफ्नो घरमा मात्र हो वा हरेक भाले भएको घरमा हो भन्ने कुरा पत्ता लगाउन ऊ मिलनको घर गयो । मिलन उसको छिमेकी र विद्यालयमा सँगै पढ्ने साथी थियो । मिलनको आमाले सुयशलाई सादर स्वागत गर्दै, भातको खीर र केही पुरीको साथ परिकार खुवाइन् । खाना खाएपछि, सुयश र मिलनले सँगै खेल्न गएका थिए र रातभर रमाइलो गरे । उनीहरूले राम्रोसँग खेलेर र गफ गरेर रात बिताएर सुत्न गए ।

बिहानको समयमा सुयशले आफ्नो गृहकार्य गर्नुपर्ने थियो, तर उसले खेल्नको रमाइलोमा ध्यान दिनु भन्दा गृहकार्यमा ध्यान दिन सकेन । ऊ विद्यालय गयो र शिक्षक अचानक केही फलफूल लिएर आइपुगे । शिक्षकले पूर्ण गृहकार्य गरेका विद्यार्थीलाई मात्र फल पाउने घोषणा गरे । यसले गर्दा सुयशले पछुताएको अनुभव गऱ्यो, र घर गएर आमाबुवालाई भाले बेच्ने कुरा मनाउने निर्णय गऱ्यो । उनले बुबासँग भालेका कारण आफू र बहिनीले पढ्नमा समस्या भएको कुरा बताए, र बुबाआमालाई भाले बेच्न सम्झाउनमा सफल भए । शनिबारको दिन बजार गएर उनले चार हजार रुपैयाँमा कुखुरा बेचे, जसले गर्दा उनलाई निकै खुशी महसुस भयो ।

तर, राति सुतेपछि, बिहान फेरि चराहरूको कराउने आवाजले सुयशको निन्द्रामा बाधा पुऱ्यायो । यो समस्या मात्र भालेका कारण हो कि अन्य जनावरहरूको पनि योगदान छ भनेर सोध्न थालेको सुयशले विभिन्न समस्याहरूको सामना गर्नुपऱ्यो । बाख्रा जस्ता अन्य घरपालुवा जनावरहरूले पनि उनलाई हैरान गरे । एक दिन, नजिकको जङ्गलबाट आएको सर्प सुयशको घरमा देखा पऱ्यो । सुयश र उनका बुवाले मिलेर त्यो सर्पलाई समातेर जङ्गलमा फालिदिए । यस घटनापछि, गाउँलेहरुले सबै जङ्गल काट्ने निर्णय गरेर कटाइएको जङ्गलबाट प्राप्त पैसा आपसमा बाँड्ने योजना बनाए । सुयशका बुबाले पनि आफ्नो जीवनशैलीमा परिवर्तन ल्याएर नयाँ फोन, ल्यापटप र अन्य आधुनिक घरायसी उपकरणहरू किन्ने निर्णय गरे ।

गाउँमा कहिल्यै नदेखिएको ठूलो जङ्गलको विनाशपछि, सुयशले पुस्तकालयमा गएर जलवायु परिवर्तनका पुस्तकहरू अध्ययन गर्न थाले । उनले कडा परिश्रम गर्दै जलवायु परिवर्तनको असर र यसको महत्वपूर्ण पक्षहरूको बारेमा थाहा पाए । त्यसपछि, सुयश र उनका परिवारले सौराहा जाने योजना बनाएका थिए । सौराहा फर्किंदा, सुयशको कुकुर मरेको देखियो । यो सर्पको टोकाइका कारण भएको थियो । यो घटनाले सुयशलाई वन विनासका कारण भएको नोक्सानको गहिरो महसुस गरायो । तसर्थ, उनले र उनका परिवारले भविष्यमा कहिल्यै रुख नकट्ने निर्णय गरे । गाउँलेहरूले फेरि रुख रोप्ने काम गरे, र सुयशले आफ्नो भाले फेरि किन्ने निर्णय गरे ।


यसरी, सुयश र उनका परिवारले जीवनका विभिन्न चुनौतीहरूको सामना गर्दै, आफ्नो जीवनशैलीमा सुधार ल्याउँदै र वातावरणीय सन्तुलन कायम राख्ने प्रयास जारी राखे । यो पुस्तक पढेपछि धेरै सन्देश पाउन सकिन्छ । हामी सधैं पाहुनालाई भगवान मान्नु पर्छ र तिनको सम्मान गर्नुपर्छ । आफ्नो समस्या बुझी त्यसलाई समाधान गर्नु पर्छ । सबै जनावरको राम्ररी हेरचाह गर्नुपर्छ । हामीले सधैं आफू भन्दा ठुलो मान्छेले भनेको कुरा सुन्नुपर्छ । आफ्नो कार्य सधैं समयमा पूरा गर्नु पर्छ साथै समाजमा आफ्नो कर्तव्य पूरा गर्नु पर्छ । हाम्रो वरिपरि रहेका वन्यजन्तुलाई पनि बचाउनु पर्छ र तिनको महत्व बुझ्नु पर्छ, साथै प्राकृतिक सम्पदालाई पनि बचाउनु पर्छ ।

यो पुस्तक पढ्दा अनुभव धेरै रमाइलो र ज्ञानवर्धक रह्यो । साधारण भाषाशैली र सरल वर्णनले गाउँघरको जीवनलाई बुझ्न सजिलो बनायो । पुस्तकले चितवनको संस्कृति र परिदृश्यलाई जीवन्त रूपमा प्रस्तुत गऱ्यो, जसले मलाई गाउँको वास्तविकता र पात्रहरूको यात्रा अनुभव गर्न मद्दत गऱ्यो । पढ्दा, मैले स्थानीय जीवनको बारेमा नयाँ कुरा सिकें ।

म यो पुस्तक अरुलाई पनि पढ्न सुझाव दिन चाहन्छु किन भने यो पुस्तकले हामीलाई जीवन जिउने तरिका सिकाउँछ । यस पुस्तकबाट समाजमा कसरी बाँच्ने भन्ने कुरा थाहा पाउन सकिन्छ । यस पुस्तकबाट आफ्नो शिक्षक र कुनै पनि ठुलो मान्छेले भनेको कुरा सुन्नुपर्छ, आफ्नो कम समयमै पूरा गर्नु पर्छ, आदि प्रकारका सन्देश पाउने हुनाले म यो पुस्तक अरुलाई पनि पढ्न सुझाव दिन चाहन्छु ।


*कक्षा-१०, नवोदय शिशु सदन, हेटौंडा-४*

# चित्रकला





राहुल राउत बराई
हेटौंडा-४ हेटौंडा क्याम्पस





सृष्टि श्रेष्ठ
युकेजी, लिटिल बडी प्रिस्कूल
हेटौंडा-४





निर्मिक श्रेष्ठ
कक्षा-५, जीएस निकेतन मावि,
हेटौंडा-५





दिपसन अर्याल
कक्षा:- ६, सोलिड्यारिटि ईन्टरनेशनल एकेडेमी स्कूल, हेटौंडा-१०






समृद्धि श्रेष्ठ
कक्षा-३, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४

## त्रिशुली



**कृतिका हुमागाईं**

बा खोजीमा हुनुहुन्छ
मन निराश छ
फेरी पनि थोरै आस छ
कहिँ कतैबाट सबैजना सकुशल आए हुन्थ्यिो

देशको भविष्य कति नौं जवान त्रिशुलीले आफूभित्र समायो
सांसद भवन मा केइ खबर पुगेको छैन रे
त्यसैले त सरकार बदलेको आयो
खबर हुँदा त सरकार पनि सुन्थ्यिो हैन र

यो देशभरीको जनता ले नै रोजेको हो त सरकार
तिमीलाई भने छैन किन, त्रिशुली सरकार पुगेन
जनता दृष्टिबिहिन हुन्छन् सरकार रोज्ने बेला
पैसा मा थपडी बजाउँछन्

सुविधा नआएपछि आफ्नो गल्तिलाई नमानी
सरकारलाई गाली सुनाउँछन् ।

## साथी



**साइना बर्तौला**

मेरो प्यारो साथी
मभन्दा नि माथि
मसँगै खेल्ने
मसँगै डुल्ने

नाच्न गाउने बाठी
धेरै कुरा सिकाउने
मेरो प्यारो साथी
मभन्दा नि माथि

मसँगै खेल्ने
उसको नाम श्रीया
नाच्ने गाउने धेरै
धेरै कुरा सिकाउने

*कक्षा-३, नवोदय शिशु सदन
हेटौंडा-४*

## शहीद



**सुदीप अधिकारी**

शहीदले दियो हाम्रो खुसीका लागि ज्यान
सबैले सम्झनु शहिदको नाम

झुल्किन्छन् घाम शहीदको कारणले
खुसीको दिन आयो आज शहीद मरेर

शहीदलाई सम्झनुपर्छ हामीले पर परमा
झल्किन्छन् शहीदको नाम नेपालको रगतमा

गर्नुपर्छ हामीले शहीदले गरेको काम
झुल्का हुनुपर्छ शहीदको नाम

आफू मरेर देश बाँचोस् उनका चाहना थियो
बनाउन आफ्नो रगत छरेर गयो

शहीदले देश बचाउन आफ्नो ज्यान दियो
सबैलाई बराबर हुनुपर्छ भन्ने ज्ञान थियो ।

*कक्षा-८, अमर मावि, हेटौँडा-१*

# विद्यार्थी परिचय




**एरोन चौलागाई**
**कक्षा-९, जनप्रिय माध्यमिक विद्यालय हेटौँडा-१६**

एरोन चौलागाई हेटौँडा १६ स्थित जनप्रिय नमुना माध्यमिक विद्यालयको कक्षा-९ मा पढ्नुहुन्छ। एरोन विद्यालयको क्याप्टेन पनि हुनुहुन्छ । एरोनको घर हेटौँडा-१७ हटियामा रहेको छ। एरोनको घरमा आमा, बुबा, दिदि हुनुहुन्छ । एरोनको बुबा गाडि चलाउनुहुन्छ। आमा घरमा काम गर्नुहुन्छ। दिदि कक्षा १० मा पढ्नुहुन्छ ।

एरोन विद्यालयमा निकै चर्चित हुनुहुन्छ। एरोनको पढाई राम्रो छ र अन्य क्रियाकलापमा पनि एरोनको राम्रो प्रस्तुती रहन्छ। एरोनले नबुझेको कुरा दिदीलाई सोध्ने गरेको बताउनुहुन्छ । एरोको विद्यालयमा मिल्ने साथीको नाम बिहान सुवेदी हो। एरोनलाई साथी बनाउन निकै मन पर्छ । एरोनलाई साहित्यमा रुचि रहेको छ । कविताहरु लेख्ने र व्यक्तित्वकलामा भाग लिने गरेको एरोन बताउनुहुन्छ । एरोनले घरको स साना काम पनि सघाउने गर्नुहुन्छ । फुलबारीमा पानी हाल्ने, डेरी जाने जस्ता कार्य गर्नुहुन्छ ।

एरोनलाई फुटबल खेल मन पर्छ । घुम्न र किताब पढ्न मन पर्छ । एरोन लेखेर पढ्ने गर्नुहुन्छ। लेखेर पढ्दा याद हुने बताउनुहुन्छ। एरोन भविष्यका नेता बन्ने बताउनुहुन्छ । देशमा अनुशासन कायम र विकास गर्ने योजनामा रहेको बताउनुहुन्छ। एरोन विद्यालयको क्याप्टेन भएको हुँदा धेरै जिम्मेवार हुनुहुन्छ । विद्यालयमा विद्यार्थीको समस्या समाधानमा सहयोग गर्ने र विद्यालयमा रचनात्मक क्रियाकलाप गराउन शिक्षामा समक्ष कुरा राख्ने गर्नुहुन्छ। यसै कारण एरोन निकै राम्रो विद्यार्थी हुनुहुन्छ ।

## म देशभक्त हुँ !



**सरोजप्रसाद साह**

उडिरहेको चरा सशक्त हुँ !
पौडिरहेको जलचर मस्त हुँ !!
उम्लिरहेको म अग्नि-रक्त हुँ !!!
म देशभक्त हुँ, म देशभक्त हुँ !!!!



बिउँझिएको एक पर्वत हुँ !
छातीमा राखिएको बन्दुक तत हुँ !!
प्रकाश भाँति म तेज रक्त हुँ !!!
म देशभक्त हुँ, म देशभक्त हुँ !!!!

मेची र काली, र म अनन्त हुँ !
सूर्यको भाँति सौर्य सामन्त हुँ !!
योद्धा नेपाली म स्वयम्, शस्त्र हुँ !!!
म देशभक्त हुँ, म देशभक्त हुँ !!!!



बिजुलीको झिल्का म महाँचरित्र हुँ !
मेटिन मुलुकको लागि, सदा परतत हुँ !!
म भक्तिथापा र धर्मभक्त हुँ !!!
म देशभक्त हुँ, म देशभक्त हुँ !!!!

म वीर साहस, अमिट नक्षत्र हुँ !
म नै हुँ बोट, म देशतन्त्र हुँ !!
नशा देशभक्तिको, म देशभक्त हुँ !!!
म देशभक्त हुँ, म देशभक्त हुँ !!!!

## मेरो गाउँ



**दृश्य अधिकारी**

वडा नं १८ को हर्नामाडी गाउँ
यो गाउँलाई भन्छन् सबै भक्तिचोक नाउँ
यही ठाउँमा जाने हाम्रो गुम्बाडाँडा बाटो
कतै स्ल्याव ढलान कतै धुलो माटो

सरररर मोटरमा वनभोज जाने साथी
अन्तर्राष्ट्रिय चित्रकला यही डाँडा माथि
सल्लाघारी, गुम्बाडाँडा धेरै यसका नाम

यस ठाउँलाई सुन्दर पार्न गरे सबले काम
वरपर छरछिमेकमा घुम्न आउने ठाउँ
कति सुन्दर आहा ! हाम्रो हर्नामाडी गाउँ
कति सुन्दर आहा ! हाम्रो हर्नामाडी गाउँ ।

*कक्षा-३, मकवानपुर बालविद्या सदन, हेटौँडा-१८*

## गजल



**बन्दना बुढाथोकी**

हामीलाई पिउनका लागि आवश्यक पर्छ पानी
खुसीका साथ बाँच्नुपर्छ यो दुई दिनको जिन्दगानी

अटेर नगरी पढ हुनुपर्छ ज्ञानी
पढेलेखे तिमी ठूलो मान्छे बन्नुपर्छ सानी

जतातते फैलिएको छ एक महामारी
मलाई लेख्न मन छ एक सुन्दर कहानी

कथा मलाई मनपर्छ सुन्न मन लाग्छ
हर कथामा हुनुपर्ने छैन राजारानी

नानु तिमी अहिले सानो छौ बन्नुपर्छ ज्ञानी
ज्ञानी बन्नका लागि हुनुपर्छ असल आनी र बानी

*कक्षा-६, अमर मावि, हेटौँडा-१*

## कोसिस

लघुकथा



**आरम्भ अधिकारी**

एकादेशमा एउटा गाउँ थियो। त्यो गाउँमा शिव नाम गरेको एउटा विद्यार्थी थियो। ऊ निकै राम्रो अंकले छ कक्षासम्म पास भयो। तर जब ऊ कक्षा ७ मा गयो अनि फेल हुन थाल्यो। खेल हुन थालेपछि उसका आमाबुबाले पनि उसलाई विश्वास गर्न छाडे ।

उसको साथीहरुले पनि उसको विश्वास गर्न छाडे। उसले कक्षा ७ पनि पास गर्न सकेन। उसले अर्को वर्ष पनि कक्षा ७ मै बितायो । उस्को साथीहरू चाहिँ कक्षा ८ मा गए । यो देखेर निकै दुःखी भयो । उसले फेरि पनि पहिलो त्रैमासिक पास गर्न सकेन । त्यसपछि उसलाई साथीहरूले घाँस खाने गोरु भनेर बोलाउन थाले। उसको आमाबुबाले पनि यसले हाम्रो नाक काट्छ भनेर सोच्न थाले ।

यो सबै कुरा सुनेर ऊ एकदिन चौतारामा बसेर रुन थाल्यो। त्यहाँ बस्दा बस्दै उसले आत्महत्या गर्ने सोच्न थाल्यो । ऊ आत्महत्या गर्नका लागि राति लुकीलुकी जंगल गयो । उसलाई हिँड्दा हिँड्दा जङ्गलमा पुगेपछि धेरै भोक लाग्यो। ऊ त्यहाँ नजिकै एउटा गुफामा गएर बस्यो । उसले त्यहाँ माउसुली देख्यो। ती साना मौसुली बत्तीमा चढ्न धेरै चोटी असफल भयो र हिम्मत हारेन। धेरैचोटिको कोसिसपछि बत्तीमा चढ्न माउसुली सफल भयो ।

यो घटना देखेर उसले मनमनै सोच्यो कि एउटा सानो एउटा मौसुली धेरैचोटि असफल हुँदा पनि हिम्मत हारेन र एक बुद्धिमानी मान्छे कसरी हिम्मत हार्नु भनेर सोच्यो । त्यसपछि उस्ले पढ्न थाल्यो र राम्रो अङ्ग ल्याई ८ कक्षामा गयो ।

*कक्षा-६, न्यु होराइजन माध्यमिक विद्यालय, रुपन्देही*

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
बागमती प्रदेश, हेटौडा, मकवानपुर

**सिभिल सुपरभाईजर (प्राविधिक) आवश्यक्ता सम्बन्धी सूचना**

*सूचना प्रकाशित मिति: २०८१/०४/२३*

यस कार्यालयको आ.व. २०८१/०८२ वार्षिक स्वीकृत कार्यक्रममा समावेश भएका सडक, झोलुङ्गे पुल, सडक पुल तथा गुम्बा सम्बन्धी योजनाहरुको निर्माणस्थलमा रहि प्राविधिक सुपरिवेक्षण गर्न कार्यालयको आवश्यक्ता अनुसार बागमती प्रदेश भित्रका (१३ वटा) जुनसुकै जिल्लामा काम गर्न ईच्छुक नेपाली नागरिकले तपशिल बमोजिमका कागजातहरु संलग्न राखि मिति २०८१/०५/०५ गते कार्यालय समयभित्र plrcipbagmati@gmail.com मा प्राप्त हुनेगरि आवश्यक कागजात पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**
१. अनिवार्यरुपमा पेश गर्नुपर्ने कागजातहरु:
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
- कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि ।
- निवेदन (निवेदकले काम गर्न ईच्छुक बागमती प्रदेश अन्तर्गतका जिल्लाको प्राथमिकता क्रम (१,२,३)
- फोटोसहितको व्यक्तिगत विवरण (Bio–data) ।
- मोटरसाईकल/स्कुटरधनी तथा सवारीचालक अनुमतिपत्र (लाईसेन्स) सम्बन्धी कागजातको प्रतिलिपी।

२. न्यूनतम शैक्षिक योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ विषयमा एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा टि.एस.एल.सी. कोर्ष उत्तीर्ण गरेको ।
३. आवश्यक संख्या: केही
४. छनौट र कार्यक्षेत्र: फिल्ड सुपरभाईजरलाई कामको अनुभव, कार्यालयको आवश्यक्ता र उपलब्ध बजेटको आधारमा छनौट गरी जुनसुकै जिल्लामा खटाइने छ ।
५. सेवा सुविधा तथा अन्य: नेपाल सरकारले तोकेको रा.प.अनं. द्धितिय श्रेणी (खरिदार) वा सो सरहको पारिश्रमिक दैनिक हाजिरीको आधारमा उपलब्ध गराईनेछ ।

**कार्यालय प्रमुख**

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

# सांसद सिंहद्वारा आफ्नो १ वर्षको तलब आँखा अस्पताललाई प्रदान



सहयोग रकमको चेक हस्तान्तरण गर्नुहुँदै सांसद दीपक बहादुर सिंह ।

समाज संवाददाता

हेटौँडाः मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ बाट निर्वाचित संघीय सांसद एवम् संसदको पूर्वाधार विकास समितिका सभापति दीपक बहादुर सिंहले हेटौँडा सामुदायिक आँखा अस्पताललाई नगद सहयोग गर्नुभएको छ । मंगलबार एक कार्यक्रमका बीच सभापति सिंहले आफ्नो एक वर्षको तलबमा केही रकम थप गरेर अस्पताललाई ९ लाख ९९ हजार ९ सय ९९ रुपैयाँ हस्तान्तरण गर्नुभएको छ ।

सांसद सिंहले सहयोग रकमको चेक तिलगंगा आँखा अस्पतालका कार्यकारी निर्देशक डाक्टर सन्दुक रुइत र अस्पतालका संरक्षक एवम् तिलगंगा प्रतिष्ठानका सदस्य सिद्धिलाल श्रेष्ठलाई हस्तान्तरण गर्नुभएको छ । उहाँले १ वर्षको तलबमा ३ लाख ८७ हजार रुपैयाँ थप गरेर कुल ९ लाख ९९ हजार ९ सय ९९ रुपैयाँ अस्पताललाई प्रदान गर्नुभएको हो ।

चेक हस्तान्तरण गर्नुहुँदै सभापति सिंहले आफ्नो एउटा लक्ष्य पूरा भएको बताउनुभएको छ । चुनावमा जनतामाझ आफुले वाचाको रुपमा पहिलो वर्षको तलब जनताका लागि हेटौँडा सामुदायिक आँखा अस्पताल मार्फत उपलब्ध गराउने घोषणा पूरा भएको उहाँको भनाई छ । तिलगंगा आँखा अस्पतालले मकवानपुरमा मात्र नभई सबै जिल्लामा सुलभ सेवा प्रदान गरिरहेको उहाँले बताउनुभयो । उहाँले डाक्टर रुइतको जीवन कथाको सिको गर्नुपर्ने बताउनुभयो । निस्वार्थ्य भावनाले जनताको सेवामा लाग्नुपर्ने कुरा रुइतबाट सिक्नुपर्ने सांसद सिंहको भनाइ थियो ।

तिलगंगा आँखा अस्पतालका कार्यकारी निर्देशक डा. रुइतले सांसद सिंहले सहयोग गर्नुभएको रकमले सीमान्तकृत जनतामा सहयोग पुऱ्याउने बताउनुभएको छ । उहाँले सांसद सिंहले अग्रगामी भूमिका निर्वाह गरी आफ्नो तलब सेवाका लागि प्रदान गर्नुभएकोमा धन्यवाद व्यक्त गर्नुभयो । कार्यक्रममा हेटौँडा सामुदायिक आँखा अस्पतालका प्रमुख डाक्टर सुनिल थकाली, हेटौँडा उपमहानगरपालिकाका निवर्तमान प्रमुख हरि बहादुर महतको पनि उपस्थिति रहेको थियो ।

## विश्वकप लिग-२ः मकवानपुरका ढकाल बन्द प्रशिक्षणमा

समाज संवाददाता

हेटौँडाः नेपाल क्रिकेट संघ (क्यान) ले आइसिसी विश्वकप लिग-२ अन्तर्गत आगामी सेप्टेम्बरमा क्यानडामा हुने त्रिकोणात्मक सिरिजका लागि बन्द प्रशिक्षणमा सहभागी हुने खेलाडीको नाम घोषणा गरेको छ । क्यानले आइतबार घरेलु टोलीसँगै नेपाल र ओमानबीच हुने सिरिजका लागि २२ खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएको हो ।

क्यानले बन्द प्रशिक्षणमा बोलाएको २२ खेलाडीमा मकवानपुरका रिजन ढकाल परेका छन् । गत वर्ष क्यानडासँगको पहिलो एक दिवसीय क्रिकेटमा राष्ट्रिय टिमबाट डेब्यु गरेका ढकाल यस पटक पनि टिमको बन्द प्रशिक्षणमा पर्न सफल भएको हो । बायाँ हाते बलर ढकालले क्यानाडासँगको खेलमा करियर पहिलो अन्तर्राष्ट्रिय विकेट लिएर उत्कृष्ट प्रदर्शनसमेत गरेका थिए । नेपाल 'ए' टिमका नियमित सदस्य ढकाल अहिले क्यानको तेस्रो ग्रेडको खेलाडी हुन् । अहिले टिममा बायाँ हाते बलरको अभावमा ढकाल विकल्प हुन सक्ने अनुमान गरिएको छ । ढकालले यसअघि यु-१६ र यु-१९ राष्ट्रिय टिमबाट क्रिकेट खेलिसकेका छन् ।

क्यानले रोहितकुमार पौडेलको कप्तानीमा २२ जना खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएको हो । बन्द प्रशिक्षणमा पर्नेहरुमा कुशल भुर्तेल, आसिफ शेख, अनिलकुमार साह, देव खनाल, करण केसी, गुल्शनकुमार झा, कमलसिंह ऐरी, सन्दीप लामिछाने, भीम सार्की, ललित नारायण राजवंशी, आरिफ शेख, सूर्य तामाङ, कुशल मल्ल, बसिर अहमद, दीपेन्द्रसिंह ऐरी, आकाश चन्द, अर्जुन साउद, सागर ढकाल, सोमपाल कामी र सन्दीप जोरा रहेका छन् । नेपालले लिग-२ को दोस्रो सिरिज खेल्न लागेको हो । यसअघि नेपालले घरेलु मैदानमा नेदरल्यान्ड्स र नामिबियाविरुद्धको सिरिज खेलेको थियो । नेपालले एक खेल जितेको थियो भने तीनमा पराजय बेहोरेको थियो ।

## मनहरीका घलान मृत फेला

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिका-९, खरङ्गामा एक जना मृत फेला परेका छन् । मृत फेला पर्नेमा मनहरी गाउँपालिका-५, बसन्तपुर बस्ने ६३ वर्षीय शेर बहादुर घलान रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । आइतबार घलान घरबाट खरङ्गा जान्छु हिँडेकोमा राति अबेरसम्म पनि घर नआए पश्चात ईलाका प्रहरी कार्यालय नेवारपानीमा जानकारी गराएका थिए । जानकारी पश्चात प्रहरी टोलीले खोजी गर्दै जाँदा सोमबार बिहान ९ बजेको समयमा राप्ति खोलामा ढुंगाको बीचमा मृत अवस्थामा फेला परेका थिए ।

## धादिङमा एकै दिन २ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः धादिङ जिल्लामा एकै दिन २ जनाको मृत्यु भएको छ । धादिङ जिल्लाको गल्छी गाउँपालिका-८, थागेश्वर मन्दिरमा एक जना पुरुष मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । सोमबार बेलुका ७ बजेको समयमा अन्दाजी ३२ वर्षीय पुरुष व्यक्ति मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । सनाखत हुन नसकेको शवको मुचुल्का पश्चात पोष्टमार्टमका लागि टिचिङ अस्पताल काठमाडौँ लगिएको छ ।

धादिङ जिल्लाको गजुरी गाउँपालिका-५, पोखरेखोलामा रुख ढलेर ईलेक्ट्रिक भ्यानलाई थिच्दा १ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा रुवि भ्याली गाउँपालिका-१ बस्ने ७२ वर्षीय निर्माग तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । सोमबार बिहान ९ बजेर २५ मिनेटको समयमा पृथ्वी राजमार्गमा गजुरीबाट काठमाडौँ जाँदै गरेको बागमती प्रदेश-०१-००६ ख ६५१२ नम्बरको ईलेक्ट्रिक भ्यानलाई सडक माथिबाट रुख ढली थिच्दा भ्यानमा सवार १५ जना मध्ये १० घाईते भएका थिए । घाइते सबैलाई उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र गजुरी लगिएको थियो । घाइते तामाङलाई सामान्य उपचार पश्चात थप उपचारका लागि बीर अस्पताल काठमाडौँ लगिएकोमा दिउँसो १ बजेको समयमा मृत्यु भएको र बाँकी घाइतेहरुलाई सामान्य उपचार पश्चात डिस्चार्ज गरिएको प्रहरीले जानकारी दिएको छ ।

### जिल्ला लिग फुटबल लिग कम नकआउटमा १

# क्लब घटुवाको आधार बारे प्रश्न

समाज संवाददाता

हेटौँडाः विगत चार वर्षदेखि स्थगित मकवानपुर जिल्ला लिग फुलबल प्रतियोगिता आगामी भदौ ७ गतेबाट सञ्चालन गर्ने तयारी भइरहेको छ । मकवानपुर जिल्ला फुटबल संघले अहिले लिग सञ्चालनका लागि तीव्र तयारी गरिरहेको छ । फुटबल संघले लिग गराउने तयारी गरिरहँदा केही क्लबहरुले भने लिगप्रति असन्तुष्टि जनाएको पाइएको छ । लिग कम नकआउट प्रणालीमा लिग गराउँदा घटुवा हुने क्लब कसरी निश्चित हुन्छ भन्नेमा प्रश्न उठेको छ ।

लिग राउन्ड रोविनका आधारमा सञ्चालन गर्ने कि लिग कम नकआउट प्रणालीमा गर्ने भनेर केही क्लबहरुले प्रश्न गरिरहेको छ भने केही क्लबका पदाधिकारीहरुले लिग सजिलै नहुने बताउँदै आइरहेका छन् । यता जिल्ला फुटबल संघका अध्यक्ष टिकाराम लामाले भने प्रतियोगिता निर्धारित समयमै भदौ ७ गतेबाट नै सञ्चालन हुने र तयारी तीव्र चलिरहेको बताउनुभएको छ । उहाँले लिग समयमा सम्पन्न गर्नुपर्ने बताउनुभएको छ । उहाँले लिगबारे क्लबहरुसँग फेरी छलफल गरेर निर्णय गर्ने बताउनुभएको छ ।

जिल्ला लिग फुटबल लिग कम नकआउट प्रणालीमा खेलाउन तयारी भएको छ । जिल्ला फुटबल संघ मकवानपुरका सचिव छवि सुवेदीका अनुसार लिग राउन्ड रोविनको आधारमा हुनुपर्ने भएपनि लिग कम नकआउट चरणमा गर्ने संघको तयारी छ । लिगमा २८ क्लबको सहभागिता रहने र एउटा क्लबले २७ खेल खेल्नुपर्ने भएपछि प्रतियोगिता लिग कम नकआउट चरणमा खेलाउन लागेको महासचिव सुवेदीले बताउनुभयो । 'एउटा क्लबले २७ खेल खेल्न गाह्रो हुन्छ र आर्थिक भार पनि । यति खेल खेलाउन न आयोजकले सक्छ न क्लब आफैंले' उहाँले भन्नुभयो ।

लिगकम नकआउट चरणमा खेल खेलाएमा क्लब र संघलाई आर्थिक भार कम पर्ने उहाँको भनाई छ । यस पटक लिगमा सहभागी हुने २८ क्लबलाई ७ समुहमा विभाजन गर्ने तयारी भइरहेको उहाँले बताउनुभयो । ७ समुहमा ४-४ टिम रहनेछन् भने एउटा टिमले ३-३ खेल खेल्नेछ । ७ वटा समुहबाट अंकको आधारमा पहिलो, दोस्रो र तेस्रो गरी २१ वटा टिम नकआउट चरणमा पुग्नेछ । बाँकी ७ वटा क्लबहरुबाट अंकको आधारमा उत्कृष्ट ५ टिमलाई जिल्ला लिग खेल्ने टिमको रुपमा कायमै राखी पुछारमा रहने दुई टिम घटुवा हुने महासचिव सुवेदीले बताउनुभयो । पुछार रहने टिमबीच अंक बराबर भएको अवस्थामा क्लबहरुबीच प्रतिस्पर्धा गराइने बताइएको छ ।

यता क्लबका पदाधिकारीले भने लिग भनेपछि सबै क्लबले एकअर्कासँग खेल्न पाउनुपर्ने बताउँदै आएका छन् । चार वर्षपछि हुन लागेको लिग विवादरहित बनाउन जिल्ला फुटबल संघलाई भने चुनौतिको विषय बनेको छ । महासचिव सुवेदीले १५-१६ दिनमा लिग सकाउने तयारी भइरहेको पनि बताउनुभयो । हेटौँडा-११ स्थित सिमलटार मैदान, हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशाला र हेटौँडा-६ स्थित गौरिटार रंगशालामध्ये दुई मैदानमा दैनिक प्रतियोगिता गराउने तयारी भइरहेको उहाँले बताउनुभयो । लिग विजेताले प्रदेशस्तरीय लिगमा सहभागी जनाउन पाउनेछ । लिग विजेताले १ लाख रुपैयाँ र उपविजेताले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

## कसरी हुन्छ...

रहेका विमतिले असर नगर्ने उहाँको भनाइ छ । संघमा संविधान संशोधन मुल विषय बनाएर सत्ता साझेदारी गरिएको र प्रदेशमा संघीयताको पूर्ण कार्यान्वयन, अधिकार प्राप्तिको प्रक्रिया लगायतका विषय भएकाले दुबै दलले त्यसलाई गम्भिरताका साथ लिएको उहाँले बताउनुभयो ।

नागरिकहरुको अपेक्षा पूरा गर्ने र प्रदेशमा सुशासन कायम गर्नु सरकारको प्राथमिकताको विषय भएकाले वित्तीय अनुशासन कायम गर्न प्रतिबद्ध भएर अघि बढ्ने मुख्यमन्त्री लामाले बताउनुभयो । संघ सरकारबाट अधिकार लिने, एकल अधिकारका कानुनहरु कार्यान्वयन र साझा अधिकार सूचीका विषयमा समन्वयमा दुबै दलले सरकारका काममा सहकार्य गर्ने उहाँले बताउनुभयो ।

## खुकुरी प्रहारबाट इन्द्रमान घाइते

समाज संवाददाता

हेटौँडाः मकवानपुरको इन्द्रसरोबर गाउँपालिका-२, राङ्चेमा ६५ वर्षीय बुद्ध गोलेले गरेको खुकुरी प्रहारबाट एक जना घाइते भएका छन् । घाइते हुनेमा २८ वर्षीय इन्द्रमान गोले रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

सोमबार बेलुका ११ बजेर २० मिनेटको समयमा इन्द्रमान खुकुरी प्रहार गरी घाइते भएका थिए । घाइते इन्द्रमानलाई उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्रमा लगिएकोमा सामान्य उपचारपश्चात् थप उपचारका लागि हेटौँडा ल्याइएको छ । घाइतेको अवस्था मध्यम रहेको प्रहरीले जानकारी दिएको छ । खुकुरी प्रहार गर्ने बुद्ध गोलेलाई प्रहरीले खुकुरीसहित नियन्त्रणमा लिएको छ ।

## संघीयता सवालमा...

प्रधानमन्त्री ओलीले बताएको मुख्य सचेतक लम्सालको भनाइ छ । संघीय सरकारबाट प्रत्यायोजन हुने अधिकारका विषयमा कानुनी र प्रक्रियागतरुपमा प्रदेशलाई प्राप्त हुनेमा निश्चिन्त रहन प्रधानमन्त्री आलीले आश्वासन दिनु भएको मुख्य सचेतक लम्सालले बताउनुभयो । प्रधानमन्त्री ओलीले संविधान कार्यान्वयन र संघीयताको सवालमा निश्चिन्त रहन आग्रह गरेको मुख्य सचेतक लम्सालले बताउनुभयो ।

भेटमा बागमती प्रदेशका मुख्यमन्त्री लामासहित मुख्य सचेतक लम्साल, एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया, कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठ, भौतिक पूर्वाधार विकासमन्त्री अमनकुमार मास्के, वन तथा वातावरणमन्त्री कृष्णप्रसाद सिलवाल, उद्योग वाणिज्य भूमि तथा प्रशासनमन्त्री सुकमाया तामाङ, स्वास्थ्यमन्त्री किरण थापा, श्रम, रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जन, सामाजिक विकास मन्त्री हरिप्रभा खड्गी, आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछाने, खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री श्याम खड्का, युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जन, संस्कृति, पर्यटन तथा सहकारीमन्त्री विमल ठकुरी, बिना विभागीय मन्त्री मदुकुमार श्रेष्ठको उपस्थिति रहेको थियो भने आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्ले उपस्थित हुनुभएन ।

हेटौँडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्यावरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

हाम्रो सुमो सेवाको

नयाँ प्रस्तुती...
छिट्टै सञ्चालनमा आउँदै ।

Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा

२०६८ सालदेखि हेटौँडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।
हेटौँडा-काठमाडौं-हेटौँडा
हेटौँडा-बीरगन्ज-हेटौँडा
साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।
भेष खड्गी, सञ्चालक
हाम्रो सुवो सेवा
हेटौँडा-४, मेनरोड (बलराम दास एण्ड सन्स पेट्रोल पम्प नजिकै)
९८४५४-५७५०७, ९८५५०६८८७३

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ